# नेपालमा अपाङ्गता भएका युवा तथा किशोरकिशोरीको बृहत यौनिकता शिक्षाको स्थिति पत्र

## २०२३




**नेत्रहीन युवा संघ नेपाल**
सुकेधारा ४, काठमाडौं, नेपाल
फोन : ९७७ १ ४३७२१६०
इमेल : byanepal@gmail.com
वेब साइट : https://www.byanepal.org

# नेपालमा अपाङ्गता भएका युवा तथा किशोरकिशोरीहरूको बृहत यौनिकता शिक्षामा पहुँचसम्बन्धी स्थिति पत्र

परामर्शदाता एवं लेखन : पुण्य भण्डारी

सुझाव कार्यदल : निर श्रेष्ठ
कलाधर भण्डारी
रामचन्द्र गैरे
विश्वराम श्रेष्ठ

प्रकाशक : नेत्रहीन युवा संघ नेपाल
सुकेधारा ४, काठमाडौं, नेपाल

सर्वाधिकार : नेत्रहीन युवा संघ नेपाल

मिति : नोभेम्बर २०२३
ले-आउट डिजाइन : डिग बहादुर श्रेष्ठ
मुद्रण :

## प्राक्कथन

नेपालमा अपाङ्गता भएका युवा तथा किशोरकिशोरीहरूको बृहत यौनिकता शिक्षाको यो स्थिति पत्र राइट हियर राइट नाउको आर्थिक तथा प्राविधिक सहयोगमा नेत्रहीन युवा संघ नेपालले तयार पारेको हो । राइट हियर राइट नाउ युवाले नेतृत्व गरेका र युवाको सवालमा काम गर्ने पाँच ओटा संस्थाहरूको प्लेटफर्म हो । यो प्लेटफर्मले सन् २०२१-२०२५ सम्म उमेर उपयुक्त बृहत यौन शिक्षाको सुनिश्चितता गर्ने सवालमा नेपालमा पैरवी गर्दै आइरहेको छ । नेत्रहीन युवा संघ नेपाल दृष्टिविहीन तथा न्यून दृष्टियुक्त युवाहरूले स्थापना गरेको संस्था हो ।`

यो स्थिति पत्रले नेपालमा अपाङ्गता भएका युवा तथा किशोरकिशोरीहरूको बृहत यौनिकता शिक्षाको आवश्यकतालाई बोध गरी शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, स्वास्थ्य तथा जनसत्त्या मन्त्रालय तथा शैक्षिक क्षेत्रमा क्रियाशील सरोकारवालाहरूलाई आगामी दिनमा अपाङ्गता भएका युवा तथा किशोरकिशोरीहरूका लागि बृहत यौनिकता शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक तथा तालिम सामग्री तयार पार्न सहज होस भन्ने हेतुले तयार पारिएको हो ।

यो स्थिति पत्र तयार पार्ने क्रममा नेत्रहीन युवा सङ्घ नेपालका निर श्रेष्ठ, कलाधर भण्डारी, रामचन्द्र गैरेज्यूले समालोचनात्मक सुझाव प्रदान गर्नुभएको थियो । राइट हियर राइट नाउका राष्ट्रिय संयोजक श्री राजेन्द्र महर्जनले यो स्थिति पत्रलाई अझ परिष्कृत गर्न मद्दत गर्नुभएको थियो । समूह लक्षित छलफलमा आफ्नो अमूल्य विचार राखिदिने उत्तरदाता युवा तथा किशोरकिशोरीहरूलाई हृदयदेखि आभार व्यक्त गरिन्छ ।

**नेत्रहीन युवा संघ नेपाल**
नोभेम्बर २०२३

# बिषयसूची


बृहत यौनिकता शिक्षा र अपाङ्गता भएका युवाहरूमा स्थिति पत्र १
बृहत यौनिकता शिक्षा र अपाङ्गता भएका युवामा स्थिति पत्रका उद्देश्यहरू २
बृहत यौनिकता शिक्षाको महत्त्व २
नेपालमा अपाङ्गता भएका बालबालिका तथा किशोरकिशोरीहरूको अवस्था : ३
नेपालमा (०-१९ वर्ष) उमेर समुहका अपाङ्गता भएका व्यक्तिहरूको जनसत्त्या ३
उच्च माध्यमिक शिक्षा तहसम्म अध्ययन गरिरहेका अपाङ्गता भएका विध्यार्थीहरूको वर्गीकरण ४
अपाङ्गता भएका विद्यार्थी लक्षित विद्यालय तथा सेवा केन्द्रहरूको अवस्था ५
अपाङ्गता भएका व्यक्तिहरूका पक्षमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरू ६
अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली २०७७ ६
नेपालको मुलुकी र देवानी संहिता २०१७ ८
सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०१८ ८
राष्ट्रिय योजना, नेपालको पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७–२०८०/०८१) ८
किशोरकिशोरी स्वास्थ्य तथा विकास रणनीति २००० ९
अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र स्वेच्छिक प्रोटोकल २००६ ९
बृहत यौनिकता शिक्षाका पक्षहरू १०
बृहत यौनिकता शिक्षाका आधारहरू १०
नेपालमा अपाङ्गता भएका विद्यार्थी लक्षित बृहत यौनिकता शिक्षासँग सम्बन्धित अभ्यासहरू ११
बृहत यौनिकता शिक्षा र मानव अधिकार १५
क्षमता अन्तर विश्लेषण १५
भविष्यका हस्तक्षेपहरूका लागि रणनीतिक प्रविष्टि बिन्दुहरू १६

## संक्षिप्त शब्द

| | | |
|---|---|---|
| BYAN | Blind Youth Association Nepal | नेत्रहीन युवा संघ नेपाल |
| CBS | Central Bureau of Statistics | केन्द्रीय तथ्यङ्क विभाग |
| CDC | Curriculum Development Center | पाठ्यक्रम विकास केन्द्र |
| FGD | Focused Group Discussions | समूह लक्षित छलफल |
| GoN | Government of Nepal | नेपाल सरकार |
| ILO | International Labour Organization | अन्तर्राष्ट्रिय श्रम संगठन |
| KII | Key Informant Interviews | प्रमुख सूचनादाता अन्तर्वार्ता |
| MoE | Ministry of Education | शिक्षा मन्त्रालय |
| SDG | Sustainable Development Goals | दिगो विकासका लक्ष्यहरू |
| UN | United Nations | संयुक्त राष्ट्र संघ |

# बृहत यौनिकता शिक्षा र
# अपाङ्गता भएका युवाहरूमा स्थिति पत्र

**परिभाषा**

“अपाङ्गता भएका व्यक्ति” भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेयरमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ ।

मानव यौनिकता मानव विकासको महत्त्वपूर्ण पक्ष हो, जसमा यौन स्वास्थ्य, महिनावारी, प्रजनन, सम्बन्ध, यौनिक अभिमुखीकरण, लैङ्गिक पहिचान, शारीरिक बनावटका साथै असंख्य अन्य अव्यवहरूको सम्मिश्रण र व्यक्तिगत अनुभव हुने गर्दछन । व्यक्तिपिच्छे मानव यौनिकता फरक पर्दछ किनकि हरेक व्यक्ति फरक किसिमको वातावरण, विविधतायुक्त समाज, रीतिरिवाज, परम्परा तथा धार्मिक अपेक्षाबीच हुर्किएको हुन्छ ।

यसै बिचमा बालबालिका तथा किशोरकिशोरीहरूलाई आफ्नो जीवनलाई स्वस्थ र सुखमय बनाउने सीप हासिल गर्न तथा मूल्य मान्यता विकास गर्न  यौनिकता सम्बन्धी ज्ञान हुनु अपरिहार्य छ । सामाजिकीकरणको आधारभूत माध्यमको रूपमा बालबालिकाहरूलाई उनीहरूको अभिभावक तथा परिवार सदस्यले सानै उमेरदेखि परिवारमा यौनिकता शिक्षा दिनुपर्दछ जहाँ उनीहरूले यौनिक तथा सांस्कृतिक मूल्यमान्यता सिकिरहेका हुन्छन  । यौन र यौनिकताको सवाललाई हाम्रा कतिपय समाज र संस्कारमा वर्जित विषयवस्तुको रूपमा लिइने भएको हुँदा बालबालिका र किशोरकिशोरीहरु थाहा पाउनै पर्ने आफ्नो यौनिकताको बारेमा अनभिज्ञ बन्दछन । उनीहरूको सूचनाका स्रोतहरु प्रायजसो साथीसंगी, इन्टरनेट सामाजिक संजाल, टेलिभिजन र पत्रपत्रिका हुने गर्दछन जसबाट प्राप्त गरेको सूचना सधैंभरि सही र भर पर्दो नहुन सक्दछ । त्यसैले विद्यालय जस्ता औपचारिक संस्थाहरूले किशोरकिशोरीलाई बृहत यौनिकता शिक्षा प्रदान गर्न प्रमुख भूमिका खेल्दछन । तसर्थ पाठ्यक्रममा आधारित मानव यौनिकताको मनोवैज्ञानिक, संवेगात्मक, शारीरिक र सामाजिक पक्षलाई समेटेर तयार पारिएको अध्ययन अध्यापन विधिलाई बृहत यौनिकता शिक्षा भनी परिभाषित गरिन्छ । यो शिक्षा किशोरकिशोरी तथा बालबालिकाहरूको ज्ञान, सिप, मूल्य र धारणामा अभिवृद्धि गरेर उनीहरूलाई आफ्नो स्वाथ्य, वृत्तिविकास र स्वाभिमान अनुभूत गराउन, सम्मानपूर्ण सामाजिक र यौन सम्बन्ध विकास गर्न, व्यक्तिगत छनौटले आफ्नो तथा अरूको प्रगतिलाई कसरी प्रभाव पार्छ भन्ने कुरा स्वीकार गर्न र जीवनभरिका लागि आफ्नो अधिकारको सुरक्षा बारे बुझ्न र सुनिश्चित गर्न लक्षित छ (युनेस्को २०१८) ।

## बृहत यौनिकता शिक्षा र अपाङ्गता भएका युवामा स्थिति पत्रका उद्देश्यहरू

१. नेपालका अपाङ्गता भएका बालबालिका, किशोरकिशोरी तथा युवाहरूको बृहत यौनिकता शिक्षामा पहुँचको वर्तमान अवस्थाको प्रस्तूति र सम्बोधन

२. नेपालका अपाङ्गता भएका बालबालिका, किशोरकिशोरी तथा युवाहरूलाई प्रदान गरिएको बृहत यौनिकता शिक्षालाई संस्थागत गर्न नेपाल सरकारद्वारा गरिएका प्रयासहरूको पहिचान

३. अपाङ्गता भएका बालबालिका, किशोरकिशोरी तथा युवाहरूलाई प्रदान गरिएको बृहत यौनिकता शिक्षाको पहुँच अभिवृद्धि गर्न रणनैतिक प्रवेशबिन्दु पहिल्याई राष्ट्रिय पैरवीका गतिविधिका लागि मार्ग प्रशस्त गर्नु

## बृहत यौनिकता शिक्षाको महत्व

मानव यौन तथा यौनिकताको शारीरिक, भावनात्मक, सांस्कृतिक, सामाजिक र व्यावहारिक पक्षको समग्र पक्षको अध्ययन गराई मानिसको मूल्य तथा मान्यता, यौनसँग प्रत्यक्ष सम्बन्ध भएका बृहत अर्थ, यसप्रतिको बुझाइ तथा प्रयोग र नियन्त्रण वा सीमासम्बन्धी ज्ञान प्रदान गर्न बृहत यौनिकता शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्दछ । उमेर वृद्धिक्रमसँगै किशोरकिशोरीहरूमा यौनिक कौतुहल तथा जिज्ञासा उत्पन्न हुनु अति सामान्य हो । बृहत यौनिकता शिक्षामा आधारित जीवनोपयोगी सिप अभावका कारण किशोरकिशोरीले विभिन्न किसिमका चुनौती सामना गरिरहेका हुन्छन । बृहत यौनिकता शिक्षा अन्य बालबालिकाभन्दा अपाङ्गता भएका बालबालिकालाई अझ बढी अपरिहार्य छ ।

यसले व्यक्तिमा पहिचानसहित शारीरिक, संवेगात्मक र व्यक्तिगत सम्बन्धहरूमा खुसी छाई यौनिकतामा खुसी मनाउनका लागि ज्ञान, सिप, अभिवृत्ति र मूल्यको अभिवृद्धि गर्दछ। यौनिकता र सम्बन्धहरूका बारेमा उमेर सापेक्ष, वैज्ञानिक रूपमा सही, प्रमाणहरूमा आधारित, मानवअधिकारमा आधारित र लैङ्गिक संवेदनशील जानकारीहरु सामाजिक तथा सांस्कृतिक रूपमा सान्दर्भिक विधिबाट शिक्षा दिइने भएकोले बृहत यौनिकता शिक्षा अन्य बालबालिकाभन्दा अपाङ्गता भएका बालबालिकालाई अझ बढी उपयोगी छ ।

अधिकारमा आधारित, लैङ्गिकता केन्द्रित, यौनिकतासम्बन्धी ज्ञान अभिवृत्ति र मूल्य बढाउने, यौनिकतासम्बन्धी सकारात्मक सोच विकास गर्ने, संवेगात्मक, सामाजिक र व्यवहारजन्य विकास गराउने, यौनिकतासम्बन्धी व्यवहार र दृष्टिकोणको समग्र विकास गराउने भएको हुँदा बृहत यौनिकता शिक्षा अन्य बालबालिकाहरूलाई जस्तै अपाङ्गता भएका बालबालिका तथा किशोरकिशोरीहरूलाई महत्त्वपूर्ण छ । यसका साथै लैङ्गिक हिंसा, समानता, सशक्तिकरण,

भूमिका सम्बन्धी सचेतीकरण गर्ने, यौन सङ्क्रमित रोग, एचआईभी, सुरक्षित गर्भपतन, परिवार नियोजन आदि सम्बन्धी तथ्य र ज्ञान प्रदान गर्ने हुँदा बृहत यौनिकता शिक्षा सबै किसिमका बालबालिका र किशोरकिशोरीहरूलाई आवश्यक छ । वास्तवमा बृहत यौनिकता शिक्षाले स्वस्थ यौन तथा प्रजनन व्यवहार, आत्मसम्मान, आत्मनिर्णय आदि विकास गराई यौनिकता र प्रजनन स्वास्थ्य सम्बन्धी जीवनोपयोगी सिप सिकाई जीवन परिवर्तन गराएर गुणस्तरीय जीवनयापनका लागि सहजीकरण गर्न मद्दत गर्दछ ।

**नेपालमा अपाङ्गता भएका बालबालिका तथा किशोरकिशोरीहरूको अवस्था :**

राष्ट्रिय तथ्यङ्क विभागले वि.सं. २०७८ सालमा आयोजना गरेको राष्ट्रिय जनगणना अनुसार नेपालमा ०-१९ वर्ष उमेर समूहका अपाङ्गता भएका बालबालिका र किशोरकिशोरीको जनसंख्या १ लाख ६७ हजार ४ सय २९ रहेको छ । जसमध्ये १५ देखि १९ वर्ष समूहका सबैभन्दा ज्यादा ९२८२ जना युवा तथा किशोरकिशोरीहरु लुम्बिनी प्रदेशका रहेका छन भने कोशी प्रदेशमा ७८७४ जना अपाङ्गता भएका युवा तथा किशोरकिशोरीहरु रहेका छन भने सबैभन्दा कम कर्णाली प्रदेशमा ४८३९ जना रहेका छन ।

## नेपालमा (०-१९ वर्ष) उमेर समुहका अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्या

**तालिका : १ अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्या (०-१९)**

| उमेर समूह | सुदूरपश्चिम | कर्णाली | गण्डकी | कोशी | वाग्मती | लुम्बिनी | मधेस |
|---|---|---|---|---|---|---|---|
| ०(४ | २६९१ | २३०२ | १९४२ | ४२५८ | ३६५३ | ५३०९ | ६०६९ |
| ५(९ | ३८१० | ३४६२ | २९३७ | ५९९३ | ५००३ | ३२९६ | ६८५६ |
| १०(१४ | ४६२१ | ४३७१ | २९३९ | ५४११ | ५१०७ | ६६६९ | ५४६१ |
| १५(१९ | ५५२१ | ४८३९ | ४१३२ | ७८७४ | ७७९८ | ९२८२ | ७०२३ |

**(स्रोत: जनगणना २०७८, राष्ट्रिय तथ्यङ्क विभाग)**

उमेर अनुसारकै तथ्यङ्क विश्लेषण गर्दा कर्णाली प्रदेशमा सबैभन्दा कम २३०२ जना ०-४ वर्ष उमेर समूहका बालबालिकाहरूमा अपाङ्गता रहेको राष्ट्रिय जनगणना २०७८ ले देखाएको छ । त्यसै गरी १०-१४ वर्ष उमेर समुहका किशोरकिशोरीहरूमध्ये सबैभन्दा ज्यादा ६६६९ जना लुम्बिनी प्रदेशमा पाइएका छन भने सबैभन्दा कम गण्डकी प्रदेशमा २९३९ जनामा अपाङ्गता रहेको छ ।

## उच्च माध्यमिक शिक्षा तहसम्म अध्ययन गरिरहेका अपाङ्गता भएका विध्यार्थीहरूको वर्गीकरण

| **अपाङ्गताको किसिम** | **बाल विकास केन्द्र** | **कक्षा १-५** | **कक्षा ६-८** | **कक्षा ९-१०** | **कक्षा ११-१२** |
|---|---|---|---|---|---|
| दृष्टिविहीन | २३७ | ८२७ | ४२३ | ८६७ | ४२३ |
| बहिरा | २३८ | २,१७१ | १,१०५ | २,२२१ | १,१०५ |
| श्रवण(दृष्टिविहीन | ६ | ६३ | ३१ | ६३ | ३१ |
| न्यूनदृष्टि | ९४ | ८८४ | ७१८ | ८८४ | ७१८ |
| बौद्धिक अपाङ्गता | ६८७ | २,५६३ | ८९६ | २,५६५ | ८९६ |
| बहुअपाङ्गता | २६९ | १००० | २९७ | १००० | २९७ |
| शारीरिक अपाङ्गता | १५६० | ८,१८३ | ५,२५९ | ८,१८३ | ५,२५९ |
| स्वर र बोलाइ सम्बन्धी अपाङ्गता | १८१ | ९७४ | ४५८ | ९७४ | ४८५ |
| **जम्मा** | ३,२७२ | १६,६६५ | ९,१८७ | १६,७७५ | ९,१८७ |
| **कुल : ५५,०६६** | | | | | |

(स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र)

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार नेपालमा बालविकास केन्द्रदेखि कक्षा १२ सम्म कुल ५५,०६६ जना अपाङ्गता भएका विद्यार्थीहरु अध्ययन गरिरहेका छन । तर राष्ट्रिय तथ्यङ्क विभागले वि.सं. २०७८ सालमा आयोजना गरेको राष्ट्रिय जनगणना अनुसार नेपालमा ०–१९ वर्ष उमेर समूहका अपाङ्गता भएका बालबालिका र किशोरकिशोरीको जनसंख्या १ लाख ६७ हजार ४ सय २९ रहेको देखाएको छ । यो तथ्यङ्कले लगभग एक तिहाइ संख्यामा मात्र अपाङ्गता भएका बालबालिका र किशोरकिशोरीहरु विद्यालयको शिक्षाको पहुँचभित्र छन भने बाँकी २ तिहाइ अपाङ्गता भएका बालबालिका तथा किशोरकिशोरहरु अझै पनि औ पचारिक शिक्षा पाउनबाट वञ्चित रहेका छन ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने भनिएको छ । त्यसै गरी भाग ३ को मौलिक हकको धारा १८ मा समानताको हकको उपधारा २ र उपधारा ३ ले अपाङ्गता भएका व्यक्तिहरूको समानताको हक, धारा २४ को उपधारा १, ३ र ५ ले छुवाछुत तथा भेदभावविरूद्धको हक सुनिश्चित गरेको छ । त्यसै गरी नेपालको संविधानको धारा ३१ को शिक्षा सम्बन्धी हकअन्तर्गत उपधारा ३ ले अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ भने उपधारा ४ ले दृष्टिविहीन नागरिकलाई ब्रेल लिपी तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साँकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निस्शुल्क शिक्षा पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको

छ । तर नेपालमा १ लाख १२ हजार ३ सय ६३ जना अपाङ्गता भएका बालबालिका तथा किशोरकिशोरीहरू नै विद्यालयको शिक्षा सम्म पुग्न सकेका छैनन ।

नेपाल संघीयताको अभ्याससँगै विद्यालय शिक्षाको स्थानीयकरण कस्तो अवयव समेटेर हुने भन्ने सवालमा बहस चलिरहेको छ । यो बहससँगै नेपालको शैक्षिक तथा अन्य अवस्था बारे तथ्यङ्क हेरिनुपर्दछ । नेपालमा २१ वटा स्थानीय भाषामा कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक लागू भएका छन भने कुलुङ भाषामा कक्षा १ देखि ४ सम्म र चेपाङ र खालिङ भाषामा कक्षा १ र २ को पठनपाठन हुने गरेको छ । नेपाल सरकार, शिक्षा विभागले प्रकाशन गरेको वि।स। २०७४ को फ्ल्यास रिपोर्ट अनुसार नेपालका ७ वटै प्रदेशमा कुल ३५,६०१ विद्यालय ९२९०३५ सामुदायिक र ६५६६ संस्थागत विद्यालयहरू० रहेका छन । युनिसेफका अनुसार नेपालमा ६,५००,००० भन्दा बढी बालबालिका (कक्षा १० सम्म) विद्यालय जान्छन र प्राथमिक विद्यालयमा कुल भर्ना दर ९७५ छ ।

कक्षा १ देखि कक्षा १२ सम्म कुल ७३,९१,५२४ (३७६९१२४ महिला र ३६२२४०० पुरूष) विद्यार्थी रहेका छन भने १४७५३८ शिक्षकको संख्या रहेको छ । सात वटै प्रदेशमा जम्मा ३६,५६८ आधारभूत बालविकास केन्द्रहरु, ३५,६०१ सामुदायिक सिकाइ केन्द्रहरु, २८३ प्राविधिक तथा व्यावसायिक विद्यालयहरु, ७२४ वटा प्राविधिक प्रवेशिका परीक्षा स्तरीय केन्द्रहरु, ४९६ स्नातक स्तरीय प्राविधिक परीक्षा केन्द्रहरु, १० वटा विश्वविद्यालयहरु, १४०७ क्याम्पसहरु, ४ वटा चिकित्सा विश्वविद्यालयहरु र १ खुला विश्वविद्यालय रहेका छन ।

**अपाङ्गता भएका विद्यार्थी लक्षित विद्यालय तथा सेवा केन्द्रहरूको अवस्था**

| विद्यालयको किसिम | विशेष विद्यालय | बहिरा विद्यार्थीका लागि विशेष-स्रोत कक्षा | दृष्टिविहीन विद्यार्थीका लागि विशेष-स्रोत कक्षा | बौध्दिक अपाङ्गता भएका विद्यार्थीका लागि विशेष-स्रोत कक्षा | एकीकृत विद्यालय |
|---|---|---|---|---|---|
| संख्या | ३३ | १३५ | ७९ | १२३ | २३ |

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार वि.स. २०८० सम्म विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीलाई अध्ययन अध्यापन गराउन विशेष विद्यालय ३३ वटा, बहिरा विद्यार्थीका लागि विशेष-स्रोत कक्षा १३५ वटा, दृष्टिविहीन विद्यार्थीका लागि विशेष स्रोत कक्षा ७९ वटा, बौध्दिक अपाङ्गता भएका विद्यार्थीका लागि विशेष स्रोत कक्षा १२३ वटा, र एकीकृत विद्यालय २३ वटा गरी जम्मा ३९३ वटा विद्यालय नेपालभर सञ्चालित छन । एक लाख ५० हजार भन्दा ज्यादा संख्यामा रहेका अपाङ्गता भएका २० वर्ष मुनिका

UNICEF Nepal. Education Kathmandu: UNICEF Nepal; 2017 [cited 2023 May 17]. Available from: https://www.unicef.org/nepal/education.

विद्यालय जाने उमेरका विद्यार्थीलाई औसतमा ४२० विद्यार्थी प्रति विद्यालय पर्न जान्छ । तर हाल प्रति विद्यालय औसतमा १४० मात्र अपाङ्गता भएका विद्यार्थीहरु विद्यालयमा अध्ययन गरिरहेका छन । यसले थप के पुष्टि गर्दछ भने अपाङ्गता भएका केवल ३३५ विद्यार्थीहरु विद्यालय शिक्षा प्राप्त गरिरहेका छन भने बाँकी ६७५ विद्यालय शिक्षाबाट वञ्चित छन ।

अपाङ्गता भएका व्यक्तिहरूका पक्षमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरु

नेपालको संविधान २०७२ को प्रस्तावनामा समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अङ्गिकार गरिएको, भाग ३ को मौलिक हकको धारा १८ को उपधारा २ र उपधारा ३ ले समानताको हक, धारा २४ को उपधारा १, ३ र ५ ले छुवाछुत तथा भेदभावविरूद्धको हक, धारा ३१ को शिक्षासम्बन्धी हकअन्तर्गत उपधारा ३ ले अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निस्शुल्क उच्च शिक्षा पाउने हक र उपधारा ४ ले दृष्टिविहीन नागरिकलाई ब्रेल लिपी तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साँकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निस्शुल्क शिक्षा पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ ।

धारा ३९ को बालबालिकाको हकअन्तर्गत उपधारा ९ ले अपाङ्गता भएका बालबालिकालाई राज्यबाट संरक्षण र सुविधा पाउने र धारा ४२ को सामाजिक न्यायको हकअन्तर्गत उपधारा १ ले अपाङ्गता भएका व्यक्तिलाई समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था गरेको छ । त्यसै गरी उपधारा ३ ले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ भनेर सुनिश्चित गरेको छ भने उपधारा ५ ले अपाङ्गता भएका व्यक्तिहरूलाई न्याय एवम् उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ भन्ने उल्लेख गरेको छ । र धारा ४३ अन्तर्गत सामाजिक सुरक्षाको हक सुनिश्चित गर्दै अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भन्ने सुनिश्चितता गरेको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली २०७७

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली २०७७ को नियम १३ ले अपाङ्गता भएका व्यक्तिका छोराछोरीका लागि छात्रवृत्तिको व्यवस्थाअन्तर्गत उपनियम (१) ले नेपाल सरकारले पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका असहाय विपन्न वर्गका नागरिकका छोराछोरीलाई स्वदेशमा स्नातक तहसम्मको शिक्षा हासिल गर्न छात्रवृत्ति उपलब्ध गराउनेछ

भन्ने व्यवस्था गरेको छ ।

सोही नियमावलीको परिच्छेद ५ मा अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने शिक्षाअन्तर्गत नियम १६. ले निःशुल्क शिक्षा उपलब्ध गराउने : पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई देहायबमोजिमका व्यावसायिक तथा प्राविधिक शिक्षा निःशुल्क उपलब्ध गराइनेछ भन्ने व्यवस्था गरेको छ । उक्त नियमको उपनियम (क) ले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट प्रदान गरिने शिक्षा, र उपनियम (ख) ले नेपाल सरकारले समय समयमा तोकेका अन्य व्यावसायिक तथा प्राविधिक शिक्षा प्रदान गर्ने व्यवस्था गरेको छ ।

त्यसै गरी नियम १७. ले आवासीय सुविधासहितको शिक्षा उपलब्ध गराउने अन्तर्गत उपनियम (१) ले नेपाल सरकारले पूर्ण अशक्त र अति अशक्त अपाङ्गताको कारणले आफैँ विद्यालय जान आउन कठिन हुने र विपन्न तथा असहाय अपाङ्गता भएका बालबालिकाका लागि पहुँचयुक्त आवास सुविधासहितको शिक्षाको व्यवस्था गर्नेछ भन्ने प्रावधान राखेको छ । उपनियम (२) ले नेपाल सरकारले बहिरा, दृष्टिविहीन, बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि पहुँचयुक्त आवाससहितको समावेशी शिक्षा र विशेष कक्षाको व्यवस्था गर्नेछ भन्ने कार्य खुलाएको छ ।

नियम १८. ले शिक्षामा सूचना प्रविधिको प्रयोगअन्तर्गत उपनियम (१) ले नेपाल सरकारले सूचना प्रविधिका माध्यम, प्रणाली वा तरिकाको अवलम्बन गरी दृष्टिविहीन, बहिरा, सुस्तश्रवण, श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिलाई शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने कुरा उल्लेख गरेको छ । त्यसै गरी उपनियम ९२० मा उपनियम (१) बमोजिम अपाङ्गता भएका व्यक्तिलाई शिक्षामा पहुँच सहज बनाउन नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी आवश्यक विशेष सफ्टवेयरसहितको कम्प्युटर वा उपकरण उपलब्ध गराउने वा अडियो, ब्रेल, सरल भाषा तथा चित्रात्मक, ठूलो छापा, भिडियो, सांकेतिक भाषा लगायतका ढाँचामा शैक्षिक सामग्री उपलब्ध गराउने कुरा उल्लेख गरेको छ ।

नियम १९. मा छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराउने तथा नियम २१. मा विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने अन्तर्गत उपनियम (१) बमोजिम नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन तथा प्रवर्द्धनका लागि त्यस्ता विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन तथा प्रवर्धनका लागि आवश्यकता र उपलब्धता अनुसार स्टेसनरी, पाठ्यपुस्तक, दिवा खाजा, पोशाक, सहयोगी शिक्षक र सम्बन्धित अपाङ्गता विज्ञ शिक्षक उपलब्ध गराउने कुरा व्यवस्था गरेको छ । उपनियम (२) ले अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने शिक्षकका लागि नेपाल सरकारले

सम्बन्धित स्थानीय तहसँग समन्वय गरी अपाङ्गताको पहिचान, सिफारिस, सामान्य थेरापी, व्यक्तिगत पाठ्ययोजना, व्यक्तिगत हेरचाह, क्षमता विकास, सांकेतिक भाषालगायतका तालिम कार्यक्रम सञ्चालन गर्ने कार्य खुलाएको छ । त्यसै गरी उपनियम (३) ले नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको विद्यालय तथा सिकाइमा पहुँच सुनिश्चित गर्न त्यस्ता शिक्षा प्रदान गर्ने विद्यालयलाई (क) अपाङ्गता भएका विद्यार्थीलाई अध्ययनमा सहजता हुने आवश्यकतामा आधारित पाठ्यपुस्तक तथा पाठ्यसामग्री, (ख) सूचना प्रविधिको माध्यमबाट अध्ययन अध्यापनका लागि आवश्यक पर्ने डेजी, ब्रेल डिस्प्लेअर, ब्रेल प्रिन्टर, कम्प्युटर सफ्टवेयर, मोबाइल एप्लिकेसन, सरल भाषामा बुझाउने शैक्षिक सामग्री, चित्रात्मक सामग्री, श्रव्य दृश्य सामग्री लगायतका सूचनाप्रविधि, (ग) पहुँचयुक्त फर्निचर तथा अन्य भौतिक सामग्री, र उपनियम (घ) अनुसार अपाङ्गता भएका विद्यार्थीका लागि आवश्यक पर्ने खेलकुदका सामग्रीको व्यवस्था गर्ने उल्लेख गरेको छ ।

## नेपालको मुलुकी र देवानी संहिता २०१७

नेपालको मुलुकी र देवानी संहिता २०१७ ले बालविवाह (२० वर्षभन्दा कम उमेरमा गरिने विवाह) लाई अपराध मानेको छ । यसले विभिन्न सर्तमा सुरक्षित गर्भपतनको अधिकार प्रदान गरेको छ साथै जबरजस्ती करणी र विभिन्न प्रकारका हिंसाविरूद्धको अधिकार प्रदान गरिनुले पनि सबैका लागि बृहत यौनिकता शिक्षा महत्त्वपूर्ण रहेको कुरा स्पष्ट पार्छ । त्यसै गरी नेपालमा अन्य धेरै नीति तथा कानुनी प्रावधानहरूले पनि बृहत यौनिकता शिक्षाको समग्रताको एकीकृत पहलमा जोड दिएको पाइन्छ ।

## सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०१८

भर्खरै लागु भएको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०१८ को दफा ३.१ ले हरेक महिला तथा किशोरकिशोरीहरूलाई शिक्षाको अधिकार, सूचनाको अधिकार र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवा र परामर्शको अधिकार सुनिश्चित गरेको छ । त्यसै गरी दफा ३.२ ले हरेक व्यक्तिको प्रजनन स्वास्थ्यसम्बन्धी सूचना, परामर्श तथा सेवाको पहुँचको अधिकारलाई सुनिश्चित गरेको छ ।

## राष्ट्रिय योजना, नेपालको पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७–२०८०/०८१)

राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित नेपालको पन्ध्रौं योजना ९आर्थिक वर्ष २०७६/०७७–२०८०/०८१० को सातौं अध्यायको (सामाजिक क्षेत्र) को ७ औं देखि ९ औं खण्डमा अपाङ्गताबारे उल्लेख गरिएको छ । त्यसमा पहुँचयुक्ततावारे दिगो विकासका लक्ष्यका बुँदालाई सम्बोधन हुने गरी अपाङ्गतामैत्री विद्यालय लगायतका सार्वजनिक स्थलमा सुरक्षित, समावेशी र सर्वसुलभ पहुँचको विषय समावेश गरेको छ । अपाङ्गता भएका व्यक्तिको सम्मान र अधिकार प्रवर्द्धनका लागि राज्यले समावेशी, समन्यायिक सहभागितालाई जोड

दिन आवश्यक रहेको कुरा औंल्याएको छ ।

त्यसै गरी सोही पन्ध्रौ योजनाले अपाङ्गतामैत्री शिक्षाको अभावमा अपाङ्गता भएका बालबालिका विद्यालयबाहिर हुनु, अपाङ्गता भएका व्यक्तिका लागि रोजगारी, सामाजिक सहभागिता र आय आर्जनका अवसरहरूमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु, भौतिक संरचनाहरु अपाङ्गतामैत्री नहुनु, सूचना सञ्चार तथा प्रविधि अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त हुन नसक्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि नियमित स्वास्थ्य सेवा, परामर्श सेवा, प्रयोग गरिने सहायक सामग्री, पुनर्स्थापना सेवा उपलब्ध नहुनु र नदेखिने अपाङ्गताको पहिचान सही सम्बोधन नहुनु यो क्षेत्रका प्रमुख समस्या हुन् भन्ने पहिचान गरेको छ ।

## किशोरकिशोरी स्वास्थ्य तथा विकास रणनीति २०००

सन २००० मा नेपाल सरकारले किशोरकिशोरी स्वास्थ्य तथा विकास रणनीति तयार पारी किशोरकिशोरीहरूको स्वास्थ्य सेवा र शिक्षालाई प्याकेजहरूमा विभिन्न विषय र जानकारी समावेश गरेको थियो । उक्त रणनीतिले युवाहरूमा जिम्मेवार यौन व्यवहारको विकास गर्न किशोरावस्था, विवाह, प्रजनन प्रक्रिया, यौन सम्बन्ध र किशोरकिशोरीहरूका लागि जिम्मेवार अभिभावकत्वसम्बन्धी मानव यौनिकतासम्बन्धी जानकारी, शिक्षा र सूचना, शिक्षा, सञ्चार, परामर्श र गर्भनिरोधक सेवाहरु (विना भेदभाव सबै यौनिक रूपमा सक्रिय किशोरकिशोरीहरूका लागि कम उमेरको वा अनावश्यक गर्भधारण र STIS रोकथाममा जोड दिँदै), सुरक्षित मातृत्व (स्वस्थ गर्भावस्था, सुरक्षित प्रसव र नवजात शिशुको हेरचाह र स्तनपान लगायतका प्रसवपूर्व हेरचाह) किशोरावस्थामा रहेको गर्भले हुन सक्ने जोखिमसम्बन्धी सूचना, शिक्षा, परामर्श र सेवाहरु बारेमा पाठ्यक्रममा समावेश गरिने व्यवस्था गरेको छ । त्यसै गरी असुरक्षित गर्भपतनको रोकथाम र व्यवस्थापनका साथै गर्भपतनका जटिलताहरूबारे जानकारी, शिक्षा र परामर्श, RTIS, STIS, HIV/AIDS र अन्य प्रजनन स्वास्थ्य अवस्थाहरूको रोकथाम र व्यवस्थापन बारे जानकारी, शिक्षा र परामर्श, सरूवा रोग बारे सूचना, शिक्षा र संचार, धूम्रपान, मादक पदार्थ सेवन, लागू औषध दुरूपयोग र किशोरकिशोरीहरु बीच तनाव व्यवस्थापनका लागि व्यवहार परिवर्तन, जीवन सिप, करियर विकास र रोजगारीका अवसरहरु बारे जानकारी र सूचना, सेवा तथा परामर्श र रोकथाम बारे व्यवस्था गरेको छ । त्यसै गरी अपाङ्गता भएका किशोरकिशोरीहरूलाई ध्यानमा राखी यौनिकता शिक्षा तथा सेवामा प्राथमिकतामा राखिनुपर्ने व्यवस्था गरेको छ ।

## अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र स्वेच्छिक प्रोटोकल २००६

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र स्वेच्छिक प्रोटोकल २००६ को प्रस्तावनाले अपाङ्गता भएका व्यक्तिहरूलाई सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको

उपभोग गर्न सक्षम तुल्याउन भौतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण, स्वास्थ्य, शिक्षा एवम् सञ्चारको पहुँचलाई स्वीकार गरेको छ । त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरूलाई सबै प्रकारका हिंसा, दुर्व्यवहार अन्त्य गर्नुपर्ने, अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना सन्तानहरूको संख्या तथा जन्मान्तरका बारेमा स्वतन्त्रत  तथा जिम्मवारपूर्ण निर्णय गर्न तथा उमेर सुहाउँदो जानकारी, प्रजननसम्बन्धी तथा परिवार नियोजन शिक्षामा पहुँच पाउने अधिकारलाई स्वीकार गरिएको छ ।

## बृहत यौनिकता शिक्षाका पक्षहरू

युनेस्कोले सन २०१८ मा विकास गरेको International Technical Guidance on Sexuality Education (ITGSE) ले बृहत यौनिकता शिक्षाका विभिन्न आठ पक्षहरूलाई समेटेको छः

- सम्बन्धहरु
- मूल्य, अधिकार, संस्कृति र यौनिकता
- लैङ्गिकताको बुझाइ
- हिंसा र सुरक्षित रहनु
- स्वास्थ्य र निरोगिताका सिप
- मानव शरीर र विकास
- यौनिक व्यवहार र यौनिक अभिमुखीकरण
- यौन तथा प्रजनन स्वास्थ्य

## बृहत यौनिकता शिक्षाका आधारहरू

- ❑ वैज्ञानिक रूपमा प्रमाणित
- ❑ वृद्धिशील
- ❑ उमेर र विकास उपयुक्त
- ❑ पाठ्यक्रम आधारित
- ❑ बृहत
- ❑ मानव अधिकारमा आधारित
- ❑ लैङ्गिक समानतामा आधारित
- ❑ रूपान्तरणकारी
- ❑ स्वस्थ जीवन जिउन आवश्यक जीवन उपयोगी सिप विकास गर्न सक्षम
- ❑ विकल्प प्रदान गर्ने

बृहत यौनिकता शिक्षाले किशोरकिशोरीलाई आफ्नो शरीर, यौन तथा प्रजनन स्वास्थ्यप्रति

सचेत रहन, निर्णय लिन, यौनिक जीवनलाई स्वस्थ्यकर बनाउन, एचआईभी, यौन सङ्क्रमण, अनिच्छित गर्भधारण, हिंसायुक्त यौनिक व्यवहार तथा यौनिक दुर्व्यवहार घटाउन मद्दत पुर्‍याउँदछ। कम उमेरमा विवाह हुन नदिन तथा सन्तान नजन्माउन, सुहाउँदो जन्मान्तर गर्न, व्यवस्थित परिवार योजना बनाउन, परिवार नियोजनका साधनको प्रयोग र पहुँच बढाउन मद्दत गर्दछ । असुरक्षित यौन सम्पर्क, गर्भधारण, गर्भपतन, यौनजन्य सङ्क्रमण र यौन अपराधमा समेत कमी ल्याउन यौनिकता शिक्षाले सहयोग गर्दछ । दीर्घकालीन यौन तथा प्रजनन स्वास्थ्यका समस्या हुन नदिन, सुर्तीजन्य तथा लागुपदार्थको प्रयोगमा किशोरकिशोरीलाई फस्न नदिन नेपालमा तयार भएको बृहत यौनिकता शिक्षाको पाठ्यक्रम वैज्ञानिक रूपमा प्रमाणित छ ।

**नेपालमा अपाङ्गता भएका विद्यार्थी लक्षित बृहत यौनिकता शिक्षासँग सम्बन्धित अभ्यासहरू**

**विद्यालय शिक्षाअन्तर्गत बृहत यौनिकता शिक्षामा समावेश भएका विषयवस्तुहरू :**

- पारिवारिक जीवन, शिक्षा र रोजगारी
- जिम्मेवार अभिभावकत्वको अवधारणा
- परिवारमा आमाबाबुको भूमिका तथा जिम्मेवारी
- मानव बेचबिखन तथा ओसारपसारको अवधारणा
- मानव बेचबिखन तथा ओसारपसारका कारण, रोकथाम तथा नेपालको सन्दर्भमा यसको चुनौती
- पारिवारिक जीवनचक्र
- परिवार योजना
- परिवार योजना र परिवार नियोजनको अवधारणा
- गुणस्तरीय जीवन र पारिवारिक जीवन शिक्षा
- गुणस्तरीय जीवनको अवधारणा
- कम उमेरमा विवाह
- छोराको मान्यता
- महिलाको स्थिति र उच्च शिशु मृत्य दर
- किशोरावस्थाका प्रजननसम्बन्धी सरकारी नीति, गर्भपतन नीति
- नेपालका सन्दर्भमा लैङ्गिकता
- लैङ्गिकताको सामाजिक संरचना
- लैङ्गिकतासम्बन्धी सामाजिक मूल्य मान्यता
- समसामयिक लैङ्गिकताका मुद्दाहरू
- लैङ्गिक समानता र समता
- लैङ्गिकता र महिला सशक्तिकरण

- लैङ्गिकताका चुनौतीहरु र अवसरहरु
- लैङ्गिकता मुद्दा र जनसत्त्या शिक्षा
- लैङ्गिकता मुद्दाका सामाजिक परिणामहरु
- लैङ्गिकता मुद्दालाई सम्बोधन गर्ने प्रयासहरु
- यौनिकता संस्कृति समाज र मानव अधिकारको अवधारणा र अन्तरसम्बन्ध
- यौनिकता र आमसञ्चार
- लैङ्गिकतामा आधारित हिंसा
- मानव अधिकार तथा यौनिक तथा प्रजनन अधिकार र यसलाई संरक्षण गर्ने उपायहरु
- मानव विकास
- यौनिक तथा प्रजनन प्रणाली
- यौवनावस्था
- शारीरिक आकृति
- गोपनीयता तथा शरीरप्रतिको लगाव
- यौनिक व्यवहार
- यौन, यौनिकता र यौनिक जीवनचक्र
- यौनिक व्यवहार र यौनिक प्रतिक्रिया
- यौनिक तथा प्रजनन स्वास्थ्य
- गर्भ व्यवस्थापन
- यौनजन्य सङ्क्रमण र एचआईभी
- सङ्क्रमणको जोखिमको पहिचान र जोखिम न्यूनीकरण गर्ने उपायहरु
- एचआईभी एड्स, लाञ्छना र पुनर्स्थापना
- यौन सङ्क्रमण र एचआईभी सङ्क्रमणको उपचार, हेरचाह र सहयोग
- विवाहको अवधारणा किसिम र प्रचलित प्रकारहरु
- विवाहको उपयुक्त उमेर
- विवाहसम्बन्धी जनसात्यिक सवालहरु
- विवाहसम्बन्धी कानुनी प्रावधानहरुः बदर हुने विवाह, बदर हुन सक्ने विवाह, दण्डनीय

**विवाह, वैध विवाह**

- विवाहसम्बन्धी समाजवादी दृष्टिकोण
- एक पति-एक पत्नी प्रथा, बहुपति प्रथा, बहुपत्नी प्रथा
- जनसाङ्ख्यिक दृष्टिकोणमा विवाह - पहिलो विवाह, दोस्रो वा पुनः विवाह
- बाँझोपनाको अवधारणा, कारण, प्रभाव र व्यवस्थापन

- पुरूषको कारण, महिलाको कारण बाँझोपनाको प्रभाव
- बाँझोपना समाधानका उपायहरू: दम्पती आफैंले गर्ने उपाय, चिकित्सकको सहयोगबाट गरिने उपाय
- जनसंख्या व्यवस्थापन

नेपालमा बृहत यौनिकता शिक्षाले विद्यार्थीमाझ लैङ्गिकताको बुझाइलाई अझै पनि फराकिलो ढङ्गबाट सिकाउन जोड गर्नुपर्ने देखिन्छ । किनकि यौनिक लैङ्गिक अल्पसंख्यक समुदायलाई अझै पनि विभेद तथा हिंसाको सिकार भएका घटना सार्वजनिक भएका छन । त्यसै गरी बृहत यौनिकता शिक्षाको अर्को पक्ष हिंसाविरूद्ध सुरक्षित रहन विद्यार्थीलाई सक्षम बनाउनु रहेको छ । तर नेपालमा आर्थिक वर्ष ०७७र०७८ मा सबैभन्दा बढी १४ हजार २३२ घरेलु हिंसाका घटना दर्ता भएका छन जसमा २५३२ बलात्कारका घटनाहरु दोस्रो सूचीमा रहेका छन भने तेस्रोमा गर्भपतनका २७ वटा घटना रहेका छन । यसले औसतमा महिला, बालबालिका र ज्येष्ठ नागरिक विरूद्ध हुने अपराधको ७५५ भन्दा बढी घटना घरेलु हिंसाको भएको देखिएको छ ।

त्यसै गरी अर्को पक्ष स्वास्थ्य र निरोगिताका सिप विकास गर्नु बृहत यौनिकता शिक्षाको रहेको छ । विद्यार्थीहरूमा यस प्रकारको सिप विकास भए नभएको मूल्याङ्कन गर्ने विश्वासिलो आधार नभएको हुँदा पाठ्यक्रम विकास केन्द्रले यो पक्षलाई अझ ध्यान दिनुपर्ने देखिन्छ । नेपालमा कक्षा १ देखि कक्षा १२ सम्म बृहत यौनिकता शिक्षाको पाठ्यक्रम राखिएको छ । यो पाठ्यक्रममा बृहत यौनिकता शिक्षाको अरु पक्षहरु मानव शरीर र विकास, यौनिकता र यौन व्यवहार, यौनिक तथा प्रजनन स्वास्थ्य, मूल्य, अधिकार, संस्कृति र यौनिकता समेटिएको छ । यो पाठ्यक्रमले विद्यार्थीमाझ आफ्ना परिवारप्रति जिम्मेवार के हो थाहा पाउने, सञ्चार माध्यमले यौनिक व्यवहारमा नकारात्मक प्रभाव पार्न सक्दछन भन्ने कुरा थाहा पाउने, सञ्चार माध्यमलाई सही प्रयोग गर्ने, जानकारी लिन सक्ने, लैङ्गिक समानता कायम गराउन र सुरक्षित यौन व्यवहार गर्न सिकाउँछ । सञ्चार माध्यमको सही प्रयोग गर्न जानेन भने जोखिममा पर्न सकिन्छ भन्ने कुरा थाहा पाउने लगायतका जीवनमा नभई नहुने ज्ञान, सिप सिक्न पाउने र यौनिकता र यौनिक व्यवहार परिवर्तनका लागि प्रभावकारी विषयवस्तु राखिएका छन । यद्यपि न्यून शिक्षक तालिम, यथेष्ठ र पहुँचयुक्त शिक्षण सामग्रीको अभाव, विद्यार्थीहरूको सिप परीक्षण नहुनु, अनुगमन मूल्याङ्कनको कमी र यौन तथा प्रजनन स्वास्थ्य र अधिकारबारे समाज र परिवारको सङ्किर्ण सोचाइका कारणले बृहत यौनिकता शिक्षाले अपेक्षाकृत परिणाम दिन सकेको भान भएको छैन । अझ अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने दक्ष शैक्षिक जनशक्तिको अभावमा एउटा ठुलो समूह बृहत यौनिकता शिक्षा पाउनबाट वञ्चित रहेको छ ।

अपाङ्गता समुदायभित्र पनि विविधता रहेको छ। हरेक वर्गका विशिष्टिकृत अवस्था,

आवश्यकता र सीमितताहरू हुने गर्दछन । उल्लेखित पक्षहरूलाई ध्यानमा राखी पाठ्यक्रममा समेटिएका विषयवस्तुहरूलाई पनि राम्रोसँग सिकाउन सकिएको छैन। दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिका तथा किशोरकिशोरीहरूलाई ब्रेल, अडियो सामग्री, ठूलो छापा तथा स्पर्श सामग्रीमार्फत उल्लेखित विषयवस्तुहरू व्यावहारिक दक्षता विकास गराउन सकिने किसिमले सिकाउनुपर्ने भए तापनि त्यसो हुन सकेको छैन। सीमित साँकेतिक भाषाको विकास, साँकेतिक भाषासहितको सामग्रीको अभाव तथा बहिरामैत्री शिक्षण सिकाइ र दक्ष जनशक्तिको अभावमा सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूले उल्लिखित विषयवस्तुहरूको आधारभूत ज्ञान र सिपसमेत हासिल गर्न सकिरहेका छैनन् । विकासात्मक अपाङ्गता भएका जस्तै बौद्धिक अपाङ्गता तथा अटिजम भएका बालबालिका तथा किशोरकिशोरीहरूलाई आधारभूत पक्षहरू जस्तै शरीर संरचनासम्बन्धी अभिमुखीकरण, व्यक्तिगत सरसफाइ, सम्बन्धहरू, उपयुक्त व्यवहार प्रदर्शन, हिंसा र सुरक्षित रहने उपायहरू आदिको ज्ञान र सिप विकास गराउनु अपरिहार्य छ तर स्पष्ट पाठ्यक्रमको अभाव, आवश्यक शिक्षण तथा सन्दर्भ सामग्रीको अभाव तथा शिक्षकरअभिभावकहरूमा उल्लिखित विषयवस्तुबारे प्रशिक्षण, तालिम तथा अभिमुखीकरणको अभावमा ती बालबालिका तथा किशोरकिशोरीहरू विभिन्न समस्या, जटिलता र विभेदसँग जुध्न विवश छन ।

बृहत यौनिकता शिक्षासम्बन्धी व्यावहारिक र प्रभावकारी ज्ञान र सिपको अभावमा अपाङ्गता भएका बालबालिका तथा किशोरकिशोरीहरू विभिन्न किसिमका समस्या र चुनौतीहरू सामना गर्न बाध्य छन। खास गरी आवासीय रूपमा बसिरहेका अपाङ्गता भएका किशोरीहरूले महिनावारीको समयमा गर्नुपर्ने सरसफाइको बारेमा थाहा नपाउँदा स्वास्थ्य समस्याहरू देखिने गरेको, हिंसासम्बन्धी बुझाइ नहुँदा नजिकका व्यक्तिहरूबाट नै यौनजन्य हिंसाहरू सामना गरिरहनुपरेको, किशोरावस्थामा आउने परिवर्तनहरूको बारेमा थाहा नहुँदा विभिन्न किसिमका मानसिक तनावहरूको सामना गर्नुपरेको, निरोगितासम्बन्धी सिपहरू जस्तै इन्कार गर्ने, सञ्चार सिप, सहयोग लिने आदि जस्ता आधारभूत सिपको अभावमा गलत सूचना, गलत व्यवहार र अनिच्छित निर्णय गर्न बाध्य हुनुपर्ने अवस्था छ। त्यस्तै बौद्धिक अपाङ्गता तथा अटिजम भएका किशोरकिशोरीहरूलाई व्यावहारिक ज्ञान र सिप प्रदान गर्न नसक्दा उमेर वृद्धिसँगै आउने विभिन्न परिवर्तनहरू र ती परिवर्तनका कारणले देखिने व्यवहारहरूको सही व्यवस्थापन गराउन सकिएको छैन । जसले गर्दा उनीहरूप्रतिको समुदायको धारणाझन् नकारात्मक भएको र हिंसाको सिकार बन्ने गरेको अवस्था छ।

## बृहत यौनिकता शिक्षा र मानव अधिकार

बृहत यौनिकता शिक्षाको अधिकार मानव अधिकारको विश्वव्यापी घोषणा पत्रलाई आधार मान्दै विभिन्न राष्ट्रिय नीतिहरू र अन्तर्राष्ट्रिय सम्झौताका दस्तावेजहरूबाट प्राप्त भएको हो । यसले बृहत यौनिकता शिक्षालाई एउटा एकाइका रूपमा मात्र नलिई विभिन्न अधिकारहरूको सम्मिलित रूप हो भनी हेरेको छ । यो अधिकारभित्र शिक्षाको अधिकार, लैङ्गिक समानताको अधिकार, सूचनाको अधिकार, स्वास्थ्यको अधिकार, भेदभाव र हिंसाविरूद्धको अधिकारलगायत अन्य धेरै अधिकारहरू समेटिएका छन ।

> मलाई पढेको कुरा सम्झिन कठिन छ । पढ्दै जान्छु , लामो लामो वाक्यका अगाडि भनिएका कुरा हरू बिर्सिदै जान्छु । हाम्रो अहिले को किताब मा त्यस्ता लामा लामा वाक्यहरू धेरै छन । मलाई सम्झन, बुझ्न र कन्ठस्त पार्न गाह्रो छ । ती वाक्यहरू लाई सरल बनाउन सकिदैन र ? कसलाई यो कुरा भन्यो भने हाम्रो किताबलाई सरल भाषा मा छापेर आउछ होला ? (लक्षित समुह छलफलका एक बौध्दिक अपाङ्गता भएका उत्तरदाता

युवा तथा किशोरकिशोरीहरूको बृहत यौनिकता शिक्षालाई अधिकारका रूपमा सुनिश्चित गर्ने विभिन्न अन्तर्राष्ट्रिय सम्झौताहरूमा बाल अधिकारसम्बन्धी महासन्धि (सिआरसि), आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र (आईसिईएससिआर), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आईसिसिपिआर), महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ (सिड), अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६ (सिआरपिडि) र जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (आईसिपिडि), कार्य योजना १९९४ हरू रहेका छन ।

दिगो विकास लक्ष्य २०१५ ले पनि माथि उल्लेखित अन्तर्राष्ट्रिय सम्झौताहरूलाई आफ्ना सबै १७ वटा लक्ष्यहरू २०३० सम्ममा प्राप्त गर्न आधार मानेको छ जसमा लक्ष्य ३ (स्वस्थ र समृद्ध जीवन), लक्ष्य ४ (गुणस्तरीय शिक्षा) र लक्ष्य ५ (लैङ्गिक समानता) हरूले सबै युवा, बालबालिका तथा किशोरकिशोरीहरूलाई बृहत यौनिकता शिक्षा दिइनुपर्नेमा जोड दिएको छ ।

> हाम्रो विद्यालयमा शिक्षकले खुलेर यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा पढाउनु भयो । हिजो मात्र त्यो पाठ पढेर आएको हो । तर हाम्रो शिक्षकले हामी केटा र केटी लाई अलग अलग कक्षामामा राखेर पढाउनु भएको हो । त्यसो गर्दा हामी कसैलाई पनि लाज लागेन । मैले पनि केही प्रश्नहरू सोधेँ । सरले पनि बुझिने गरी सम्झाउनु भयो । ( लक्षित समुह छलफलका एक उत्तरदाता

नेपालमा राष्ट्रिय स्तरमा पनि बृहत यौनिकता शिक्षालाई राजनैतिक रूपमा संरक्षित गरिएको छ । नेपालको संविधान २०१५ ले सम्पूर्ण नागरिकहरूको समानताको हक, सूचनाको हक, शिक्षा र स्वास्थ्यसम्बन्धी हक, महिला अधिकार र बाल अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ ।

## क्षमता अन्तर विश्लेषण

राष्ट्रिय तथ्यङ्क विभागले वि.सं. २०७८ सालमा आयोजना गरेको राष्ट्रिय जनगणनाअनुसार

नेपालमा ०-१९ वर्ष उमेर समूहका अपाङ्गता भएका बालबालिका र किशोरकिशोरीको जनसंख्या १ लाख ६७ हजार ४ सय २९ रहेको छ । नेपाल सरकारले आ.व. २०८० र ८१ को वार्षिक बजेटको कूल बजेटको ११.२६ प्रतिशत अर्थात एक खर्ब ९७ अर्ब २९ करोड रूपैयाँ शिक्षाका लागि विनियोजन गरेको छ तथा सरकारले देशभरका १ हजार २ सय विद्यालयमा प्राविधिक शिक्षा सुरू गर्ने घोषणा गरेको छ । वि.सं. २०८० सम्म विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीलाई अध्ययन अध्यापन गराउन जम्मा ३९३ वटा विद्यालय नेपालभर सञ्चालित छन । जसमा ५५,०६६ विद्यार्थीहरु अध्ययन गरिरहेका छन । जनगणना २०७८ ले देखाएको २० वर्षमुनिका विद्यालय जाने उमेरका अपाङ्गता भएका कुल बालबिलका र युवाको संख्या १ लाख ६७ हजार ४ सय २९ छ । यस कुराले १ लाख १२ हजार ३ सय ६३ जना अपाङ्गता भएका बालबिलका र युवाहरु आज पनि विद्यालयबाहिर छन ।

> "म आँफै न्युन दृष्टि भएको विद्याथी हुँ, नेपाल सरकारद्वारा प्रकाशित पाठ्यपुस्तकका अक्षरहरू पढ्न मलाई गाह्रो हुन्छ । ती पुस्तकका अक्षरहरू साह्रै साना छन् ।"
>
> - लक्षित समुह छलफलका एक उत्तरदाता

## भविष्यका हस्तक्षेपहरूका लागि रणनीतिक प्रविष्टि बिन्दुहरू

### क) समुदाय तथा स्थानीय तहमा प्रवेश गर्न सकिने रणनीतिक बिन्दुहरू :

१. औपचारिक शिक्षा प्राप्त गर्न वञ्चित विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबिलका तथा युवाहरूलाई यौनिकता शिक्षाको पहुँच पुर्याउन सामुदायिक सिकाइ केन्द्रहरु उत्तम विकल्प हुन सक्छन । यी केन्द्रहरु देशका सबै वडाहरुमा रही स्थानीय समुदायसँग नजिक रहेर काम गरिरहेकाले यिनीहरुको पहुँच व्यापक हुन्छ । यदि प्रभावकारी ढङ्गमा यस्ता केन्द्रहरूलाई परिचालन गर्न सकेमा देशका सबै बालबालिका, युवा तथा किशोरकिशोरीहरु माझ यौनिकता शिक्षाको अधिकारको पहुँच सुनिश्चित गर्न सकिन्छ ।

२. अपाङ्गता भएका बालबालिका, किशोरकिशोरी तथा युवाहरूलाई प्रविधिले विकास गरेका सूचना प्रवाहका नयाँ माध्यमहरुमा बढ्दो सम्भावनालाई भरपुर सदुपयोग गरिनुपर्छ । युवा तथा किशोरकिशोरीहरु माझ बृहत यौनिकता शिक्षा लिएर पुग्न सामुदायिक रेडियो, टेलिभिजन कार्यक्रम र अन्य परम्परागत सञ्चारका माध्यमहरूलगायत इन्टरनेट तथा समाजिक सञ्जाल, मोबाइल एप्लिकेसन र आईसिटीले प्रमुख भूमिका निर्वाह गर्न सक्दछन । त्यस्तै बृहत यौनिकता शिक्षासम्बन्धी सूचना, सञ्चार तथा शैक्षिक सामग्रीहरु पहुँचयुक्त ढाँचा र भाषामा (जस्तै ब्रेल, ठूलो छापा, साँकेतिक भाषा, क्यापसनिङ, स्पर्श सामग्री, सरल भाषा र चित्रसहितका सामग्री, डेजि, आदि) विकास गरी सबै किसिमका अपाङ्गता भएका बालबालिका, किशोरकिशोरी तथा युवाहरुको पहुँचमा पुर्याउनुपर्दछ ।

३. विद्यालयसम्म पुग्न नसक्ने अपाङ्गता भएका विद्यार्थीलाई विद्यालय स्वास्थ्य कार्यक्रमअन्तर्गत घरबाट नै अध्ययन गर्न मिल्ने रचनात्मक किसिमका नमुना कार्यक्रम निर्माण गरी लागु गरिए विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबालिका, युवा तथा किशोरकिशोरीहरु

माफ यौन तथा प्रजनन शिक्षा पुर्याउन सकिन्छ । यसमा स्थानीय तह र सामुदायिक विद्यालयको भूमिका प्रमुख हुन्छ ।

४. विद्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक सिकाइ केन्द्रलाई पूर्ण रूपमा पहुँचयुक्त बनाउनुपर्दछ। तत्काल त्यसो गर्न नसकिने अवस्थामा उपयुक्त अनुकूलताको सिद्धान्त अवलम्बन गर्दै ती स्थानहरूमा सहजै पहुँच गर्न सकिने वातावरण निर्माण गरिनुपर्दछ।

५. समावेशी शिक्षण सिकाइ र बृहत यौनिकता शिक्षाको बारेमा शिक्षकहरूलाई तालिम दिने, आवधिक अनुगमन गर्ने र उनीहरूलाई बृहत यौन शिक्षा र अन्य त्यस्तै आवश्यक सवालसम्बन्धी सन्दर्भ सामग्री र स्रोतहरु उपलब्ध गराउनु पर्दछ । साथै विशेष शिक्षक, मोबाइल शिक्षक तथा साथी शिक्षकहरूको विकास गरी सामुदायिक स्तरमा परिचालन गरी विद्यालयभित्र तथा बाहिर रहेका सबै किसिमका बालबालिका तथा किशोरकिशोरीहरूको पहुँच अभिवृद्धि गरिनु पर्दछ ।

६. अपाङ्गता भएका बालबालिका, किशोरकिशोरी तथा युवाहरु लक्षित क्षमता विकास र सशक्तिकरणसम्बन्धी कार्यक्रमहरु लागु गरिनु पर्दछ। अन्य बालिकाहरु जस्तै अपाङ्गता भएका बालबालिका तथा किशोरकिशोरीहरूलाई उनीहरूले सिक्न र बुझ्न सकिने किसिमले आत्मरक्षा तालिम प्रदान गरिनु पर्दछ। अपाङ्गता भएका बालबालिका, किशोरकिशोरी तथा युवाहरूको जीवनोपयोगी सिप विकास, सशक्तिकरण र स्वावलम्बनका लागि स्थानीय सरकारले वार्षिक रूपमा निश्चित बजेटको व्यवस्था सुनिश्चित गर्नुपर्दछ।

७. बृहत यौनिकता शिक्षासम्बन्धी अविभावक शिक्षा कार्यक्रम र सामुदायिक सचेतनामूलक कार्यक्रमहरु विकास गरी कार्यान्वयन गरिनुपर्दछ । त्यस्तै विद्यालय तथा सामुदायिक स्तरमा गठन हुने बाल क्लब, किशोरकिशोरी क्लब तथा युवा सञ्जालहरूमा अपाङ्गता भएका बालबालिका, किशोरकिशोरी तथा युवाहरूको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चित गराइनुपर्दछ। विद्यालय तथा सामुदायिक स्तरमा आयोजना गरिने अतिरिक्त क्रियाकलापहरूमा उनीहरूको पनि समावेशी र अर्थपूर्ण सहभागिता सुनिश्चित गराइनुपर्दछ।

८. अपाङ्गता भएका किशोरकिशोरी तथा युवाहरूका लागि पहुँचयुक्त र समावेशी स्वास्थ्य सेवा सुनिश्चितताका लागि पहुँचयुक्त स्वास्थ्य पूर्वाधार, तालिम प्राप्त स्वास्थ्यकर्मी, पहुँचयुक्त IEC Corner र अपाङ्गतामैत्री व्यवहारको सुनिश्चितता गराइनुपर्दछ ।

१०. सबै विद्यालयमा आवधिक रूपमा परामर्शदाताबाट विद्यार्थीहरूलाई स्वास्थ्य, सम्बन्ध, परिवार तथा समाजमा उनीहरूको भूमिका लगायतका सवालमा परामर्श प्रदान गर्ने व्यवस्था गरिनुपर्दछ ।

### ख) प्रदेश तथा सङ्घीय निकायहरूमार्फत प्रवेश गर्न सकिने रणनीतिक बिन्दुहरू :

१. पाठ्यक्रम विकास केन्द्रले बृहत यौनिकता शिक्षाको पाठ्यक्रम तथा अन्य सन्दर्भ सामग्रीहरु तयार पार्दा अपाङ्गताका विषयवस्तु र सवालहरूलाई पनि सम्बोधन गर्नुपर्दछ। त्यस्तै ती सामग्रीहरु पहुँचयुक्त भाषा र ढाँचामा (क्याप्सनिङ, ठूला छापा, सरल भाषा र चित्रसहितको सामग्री, ब्रेल पुस्तकहरु, साँकेतिक भाषालगायत अन्य सामग्रीहरूको पर्याप्ततालाई ध्यानमा राखेर) तयार गरी विकास तथा वितरण गर्नुपर्दछ ।

२. शिक्षा सम्बद्ध निकायहरूले बृहत यौनिकता शिक्षाको अपरिहार्यतालाई मनन गर्दै अनिवार्य पाठ्यक्रमको रूपमा विद्यालय शिक्षामा समेट्नुपर्दछ। यससम्बन्धी पाठ्यक्रम, तालिम म्यानुअल र अन्य सामग्री विकास गर्दा युवा तथा किशोरकिशोरी, नागरिक समाज, बृहत यौनिकता शिक्षा र यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा कार्यरत सामाजिक संस्था, बाल मनोवैज्ञानिक, अपाङ्गताको सवालमा कार्य गरिरहेका संघ संस्था, अभिभावक, शिक्षकहरु र अन्य सरोकारवालाहरूसँग नियमित परामर्श गरेर मात्र तयार गर्नुपर्दछ ।

३. बृहत यौनिकता शिक्षालाई राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य र विकास रणनीतिको रणनीतिक परिवर्तकको रूपमा उल्लेख गरिनुपर्दछ । नेपालको शिक्षा नीतिमा अपाङ्गता समावेशी बृहत यौनिकता शिक्षालाई योजना र कार्यक्रमसहित उल्लेख गर्नुपर्दछ ।

४. आगामी दिनमा शिक्षाको बजेटमा उल्लेख्य स्रोत छुट्ट्याइ, विद्यालयबाहिर रहेका अपाङ्गता भएका विद्यार्थीलाई औपचारिक शिक्षामा समावेश हुन सक्ने आधार तयार पार्नुपर्दछ । त्यस्तै, विद्यालयमा रहेका अपाङ्गता भएका बालबालिकाहरूको गुणस्तरीय सिकाइ प्रवर्धनका लागि आवश्यक व्यवस्था मिलाइनु पर्दछ ।

५. अपाङ्गतामैत्री शिक्षण सिकाइ र बृहत यौनिकता शिक्षासम्बन्धी शिक्षक पेसागत विकास तालिमलाई निरन्तर रूपमा अगाडि बढाइनु पर्दछ। समावेशी र पहुँचयुक्त शिक्षण सिकाइ विधि र सामग्रीको विकास र प्रवर्धनका लागि लगानी गर्नुपर्दछ। त्यस्तै, पहुँचयुक्त र समावेशी यौन तथा प्रजनन स्वास्थ्य सेवासम्बन्धी तालिमलाई पनि निरन्तर रूपमा अगाडि बढाइनु पर्दछ।

६. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकतालाई मध्यनजर गर्दै बृहत यौनिकता शिक्षाको सम्बन्धमा छुट्टै पाठ्यक्रम विकास गरिनुपर्दछ । सो नहुँदासम्म हालको पाठ्यक्रम अनुकूलन गराई शिक्षण सिकाइ कार्य अगाडि बढाउनका लागि सम्बन्धित शिक्षकहरूको क्षमता विकास गराइनु पर्दछ। त्यस्तै बृहत यौनिकता शिक्षासम्बन्धी साँकेतिक भाषाको विकास र प्रवर्धनका लागि राष्ट्रिय बहिरा महासङ्घलगायतका निकायसँग समन्वय गरी बहिरा समुदायमा बृहत यौनिकता शिक्षाको प्रभावकारिताका लागि आवश्यक कदमहरु चालिनु पर्दछ।

७. अपाङ्गतालाई समेटिएको समावेशी बृहत यौनिकता शिक्षा कार्यक्रमको मोडेल विकास गरी त्यसलाई क्रमैसँग विस्तार गर्दै लैजानु पर्दछ ।

८. बृहत यौनिकता शिक्षासम्बन्धी सुचना, सञ्चार तथा शैक्षिक सामग्रीलाई पहुँचयुक्त भाषा र ढाँचामा विकास गरी सबै किसिमका अपाङ्गता भएका बालबालिका तथा किशोरकिशोरीहरूको पहुँचमा पुर्‍याउनु पर्दछ ।

९. प्रदेश तथा सङ्घीय ऐनकानुनहरूमा रहेका कमीकमजोरीहरूलाई सुधार गर्दै अपाङ्गता समावेशीकरणको दृष्टिकोणले ती नीतिहरूलाई क्रमिक रूपमा परिमार्जन गर्दै लगिनु

पर्दछ। सबै किसिमका नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अपाङ्गता सरोकार समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गराइनु पर्दछ ।

१०. अपाङ्गतामैत्री सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य निर्देशिकालाई कडाइका साथ कार्यान्वयन गराइनु पर्दछ। विद्यालय तथा स्वास्थ्य संस्थाको भौतिक स्तरोन्नति गर्दै पहुँचयुक्त बनाइनु पर्दछ र त्यहाँ सञ्चालित सबै कार्यक्रम तथा सेवालाई समावेशी र पहुँचयुक्त बनाउनका लागि आवश्यक वित्तीय तथा दक्ष जनशक्तिको व्यवस्था गरिनु पर्दछ ।

## ग) सामाजिक संस्थामा प्रवेश गर्न सकिने रणनीतिक बिन्दुहरू :

१. अपाङ्गता र बृहत यौनिकता शिक्षासँग सम्बन्धित विषयहरूमा आवश्यक खोज तथा अनुसन्धान गरी प्रमाणमा आधारित पैरवीका लागि प्राथमिकता दिनुपर्दछ।

२. अपाङ्गता समावेशीकरणको बारेमा आफ्ना सङ्घसंस्थाका कर्मचारी तथा सदस्यहरूलाई अभिमुखीकरण गराई अपाङ्गताका सवालहरूप्रति संवेदनशील र उत्तरदायी बन्न प्रेरित गर्नुपर्दछ।

३. बृहत यौनिकता शिक्षासँग सम्बन्धित सबै किसिमका कार्यक्रम तथा गतिविधिहरूलाई अपाङ्गता समावेशी बनाई अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यक्रमको प्रमुख लक्षित वर्गको रूपमा स्वीकार गरी आवश्यक कदमहरु चालिनु पर्दछ। त्यसरी कार्य गर्दा अपाङ्गताको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूसँग आवश्यक सहकार्य र समन्वय गर्नुपर्दछ।

४. बृहत यौनिकता शिक्षासम्बन्धी विकास गरिएका सबै किसिमका सुचना, सञ्चार तथा शैक्षिक सामग्रीहरु (डिजिटल सामग्री र सामाजिक सञ्जालका पोस्टहरूसमेत) पहुँचयुक्त ढाँचा र भाषामा विकास गरी प्रकाशन तथा प्रसारण गरिनु पर्दछ ।

५. विकासका सबै प्रक्रियाहरु जस्तै योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका प्रक्रियाहरूमा अपाङ्गता भएका युवाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउनु पर्दछ।

६. सामुदायिक स्तरका सचेतनामूलक कार्यक्रम तथा नीतिगत पैरवीका गतिविधिहरूमा अपाङ्गताका सवालहरूलाई पनि प्राथमिकताका साथ सम्बोधन हुने गरी कार्यक्रमहरु विकास गरिनु पर्दछ।

७. पहुँचयुक्तता र समावेशीकरणलाई प्रमुख सिद्धान्तको रूपमा स्वीकार गरी सोहीअनुसारका भौतिक, सञ्चार, मानवीय तथा वित्तीय व्यवस्थापनको सुनिश्चितता गराइनु पर्दछ।

## सन्दर्भ सामग्रीहरू


http://www.tarshi.net/index.asp?pid=321

UNESCO. International Technical Guidance on Sexuality Education. Paris: UNESCO, 2018.

Cyprus Family Planning Association.Comprehensive sexuality education material available in Cyprus,

Norway and Europe. Nicosia, Cyprus: CFPA, 2015.
UNESCO. International Technical Guidance on Sexuality Education. Paris: UNESCO, 2018.
IPPF. Everyone's right to know: delivering comprehensive sexuality education for all young people. London: IPPF, 2016.
RHRN, and Visible impact. Position Paper: Provision of Comprehensive Sexuality Education to all young people in Nepal. RHRN, 2018.
UNFPA. UNFPA Operational Guidance for Comprehensive Sexuality Education: A focus on Human Rights and Gender. New York: UNFPA, 2014.
The Constitution of Nepal. Retrieved from http://www.wipo.int/edocs/lexdocs/laws/en/np/np029en.pdf
The convention on the rights of the child. Retrieved from https://www.unicef.org/crc/files/Guiding_Principles.pdf
Adolescent and Youth Demographics: A Brief Overview. Retrieved from https://www.unfpa.org/sites/default/files/resourcepdf/One%20pager%20on%20youth%20demographics%20GF.pdf
https://www.unicef.org/ghana/REALLY_SIMPLE_STATS_-_Issue_4(1).pdf
Central Bureau of Statistics. Nepal Multiple Indicator Cluster Survey 2014, Final Report. Kathmandu, Nepal: Central Bureau of Statistics and UNICEF Nepal, 2015.
UNFPA and Ministry of Education. Review of Curricula in the context of Comprehensive Sexuality education (CSE) in Nepal. Kathmandu, Nepal: UNFPA, 2014.
Ministry of Health and Population, UNFPA and UNICEF. The Qualitative Study on Assessing Supply Side Constraints Affecting the Quality of Adolescent Friendly Health Services and the Barriers for Service Utilization in Nepal. Kathmandu, Nepal: Ministry of Health and Population, UNFPA and UNICEF, 2015.
https://thehimalayantimes.com/kathmandu/number-sex-workers-increasing/
http://nepal.unfpa.org/en/publications/social-and-financial-skills-package-rupantaran-1-4.

**"Support for this Program was provided by the Right Here Right Now Partnership. The Partnership is funded by the Ministry of Foreign Affairs of The Netherlands"**

BYAN
Blind Youth Association Nepal


**नेत्रहीन युवा संघ नेपाल**

सुकेधारा ४, काठमाडौं, नेपाल

फोन : ९७७ १ ४३७२१६०

इमेल : byanepal@gmail.com

वेब साइट : www.byanepal.org